# म्याग्दे गाउँपालिकाको सातौँ गाउँसभामा

## प्रस्तुत

# आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम

**म्याग्दे गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, छाङ्ग, तनहुँ**

**गण्डकी प्रदेश, नेपाल**

**गाउँसभामा पेश भएको मिति : २०७७ असार १० गते**

**गाउँसभाबाट पारित मिति : २०७७ असार १० गते**

गाउँसभाका सदस्यज्यूहरु,

१ सम्पूर्ण विश्व नै कोभिड-१९ (कोरोना भाइरस) महामारीको चपेटामा परिरहेको चुनौतिपूर्ण र असहज अवस्थामा आज यस गाउँसभाको बैठकलाई सम्बोधन गर्दैछु ।

२ विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसले विश्वभर समस्या र चुनौती सिर्जना गरिरहेको अवस्थामा सिङ्गो राष्ट्र लगायत यस म्याग्दे गाउँपालिका पनि अछुतो रहन सकेन । सिमित स्रोत र साधनबाट नागरिकहरुलाई राहत प्रदान गर्नका लागि जनप्रतिनिधि र कर्मचारीहरु अहोरात्र खटिई २३४२ परिवारलाई दुई चरणमा गरी राहत वितरण गरिएको छ ।

३ कोरोना भाइरसको कारण ज्यान गुमाउनु भएका सम्पूर्ण नेपाली नागरिकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

४ कोभिड-१९ बाट प्रभावित नागरिकहरुलाई तत्कालै राहत प्रदान गर्नका लागि कोरोना भाइरस रोकथाम, नियन्त्रण र उपचार कोष खाता खोली गाउँपालिका तर्फबाट रु ५० लाख विनियोजन गरी तत्काले राहत वितरणको कार्य गरिएको छ । उक्त खातामा प्रदेश सरकारबाट ५ लाख, संघीय सरकारबाट २ लाख ६४ हजार १ सय ५० रुपैँयाँ सहयोग स्वरुप प्राप्त भएको र अन्य समाजसेवी, नागरिक, कर्मचारी, व्यवसायी, आमा समूह, लगायत सहयोगदाताहरुबाट रु १७ लाख ६८ हजार ५ सय ८४ रुपैँयाँ गरी जम्मा ७५ लाख ३२ हजार ७ सय ३४ रुपैँयाँ प्रदान गर्नुभएकोमा सहयोगदाताहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

५ कोभिड-१९ को महामारीबाट सबै नागरिकलाई सुरक्षित राख्न लागू गरिएको लकडाउनको पूर्ण परिपालन गर्नु भएकोमा गाउँपालिकाबासी सबैमा धन्यवाद व्यक्त गर्दछु । आगामी दिनमा पनि यस र यस्ता महामारीबाट बच्न सरकारले चाल्ने हरेक कदममा निरन्तर साथ र समर्थन पाइरहने विश्वास लिएको छु ।

६ भारत तथा अन्य देशमा रोजगारका लागि गएका नागरिकहरु स्वदेश फर्कन चाहेका र फर्केका नागरिकहरुबाट रोग फैलिन नदिन गाउँपालिकाको सम्पूर्ण वडाहरुमा व्यवस्थित क्वारेन्टिनको व्यवस्था गरिएको छ र उनीहरुलाई प्रति व्यक्ति रु ३६५ को दैनिक खाना/खाजा बापत खर्च गर्ने व्यवस्था मिलाएको छु ।

७ म्याग्दे गाउँपालिका अन्तर्गत रहेका मृगौला पिडित र क्यान्सर रोगबाट ग्रसित नागरिकहरुलाई मृगौलाको डायालासिस र क्यान्सरको किमो थेरापी गर्नुपर्ने बिरामीलाई लकडाउन अवधिभर आवत जावत गर्नुपर्ने भएकोले हरेक बिरामीलाई प्रति व्यक्ति रु १०,००० अनुदान प्रदान गर्दै आएकोमा उक्त नीतिलाई निरन्तरता दिइने छ ।

८ लकडाउनको कारण उपचारमा समस्या भएका बिरामीहरुलाई लक्षित गरी यातायात व्यवस्था सहज गर्नका लागि एक वटा एम्बुलेन्स सञ्चालन गर्नका लागि तयारी अवस्थामा राखेको छु ।

९ तनहुँ जिल्लामा अवस्थित म्याग्दे खोलाको फराकिलो क्षेत्र, समथर कृषि मैदान, प्राकृतिक, धार्मिक तथा पर्यटकीय क्षेत्रहरु प्रचुर सम्भावना रहेको, समग्र जिल्लाको आर्थिक, सामाजिक, धार्मिक, पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण रहेको यस म्याग्दे गाउँसभाको सातौँ गाउँसभा मार्फत् आ.व. २०७७७८ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म अन्यत्तै गौरवान्वित भएको छु ।

१० जामुनेको दभुङबाट शुरु भएर छाङ र मनपाङ दुई गाविसको सीमारेखा हुँदै शुक्लागण्डकी नगरपालिकाको दोभान पुगेपछि सेती नदीमा समाहित खोलाको नामबाट नामाकिंत यस म्याग्दे गाउँपालिकाको सातौँ गाउँसभाको अवसरमा सर्वप्रथम राष्ट्र र जनताका लागि प्राण त्याग गर्नुहुने ज्ञात अज्ञात वीर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

११ यस गाउँपालिका जनभावना, जनआकांक्षा र आवश्यकताका आधारमा गाउँका नागरिकको जीवनस्तर सुधार गर्दै **स्वच्छ, सभ्य, समृद्ध गाउँपालिका** बन्न कटिवद्ध रहेको छ । हामी निर्वाचित भएपछि नेपालको संविधान अनुरुप गाउँपालिकाको सुशासन, विकास र समृद्धिको लागि नागरिकमैत्री शासन व्यवस्था सञ्चालन गर्न यस वर्ष महत्वपूर्ण ऐन, कानून, कार्यविधि निर्माण गरी कानूनी जग वसाल्ने काम भएको छ । यस क्रममा हालसम्म ९ वटा ऐन, ४ वटा नियमवाली, १ निर्देशिका, १४ वटा कार्यविधि तर्जुमा भई कार्यान्वयमा आएको छ ।

१२ **"स्वच्छ, सभ्य, समृद्ध म्याग्देको आधार : कृषि, पर्यटन र पूर्वाधार" भन्ने** मूल नारा लिई गाउँपालिका अघि बढिरहेको छ । एक वडा-एक महत्वपूर्ण सडक कार्यक्रम अन्तर्गत ७ वटा महत्वपूर्ण सडकहरुको DPR तयार गरी ४ वटा बाटोको ठेक्का प्रक्रिया सम्पन्न भइसकेको छ । यस अवधिमा वाटो विस्तार २५ कि.मी., नयाँ ट्र्याक ५ कि.मी., वाटो सरसफाई ३४ कि.मी., ७ वटा सडकहरुमा पक्कीनाला निर्माण भएको छ । ८ कि.मी. नाली निर्माण सम्पन्न भएको छ । गाउँपालिकाले दिगो विकासको अवधारणालाई मध्यनजर गर्दै आ.व.०७६।७७ देखि ०८०।८१ सम्मको पञ्चवर्षीय योजना निर्माण गरिएको छ ।

१३ सडक पक्की पुल कार्यक्रम तर्फ ४ वटा पुलहरुको निर्माण कार्य अघि बढिरहेको छ र आर्थिक वर्ष २०७७।७८ मा थप ५ वटा पुलहरु विस्तार गर्ने नीति लिएको छु । १ वटा झोलुङे पुलको निर्माण सम्पन्न भएको छ । प्रदेश सरकारबाट प्राप्त भएका विद्युत पोल वितरण गरी जीर्ण काठेपोललाई स्टिल पोलले विस्थापन गर्ने कार्यलाई निरन्तरता दिने नीति लिएको छु ।

१४ खानेपानीतर्फ ६३ वटा साना ठूला खानेपानी आयोजनाहरु कार्यान्वयनमा रहेका छन् । एक घर-एक धारा अभियान मार्फत् यस वर्ष ५०० घरधूरीलाई खानेपानी धारा वितरण गर्ने लक्ष्य लिएको छु । ७ वटा खानेपानीमा जनताको प्रत्यक्ष नगद सहभागितामा १० कि.मी. भन्दा बढी पाइपलाइन विस्तार गर्ने कार्यहरु भइरहेको छ ।

१५ गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा अन्तर्गत ४ वटा स्वास्थ्य चौकी, १० वटा गाउँघर क्लिनिकहरु सञ्चालनमा रहेका छन् । यस वर्ष स्वास्थ्य सेवा विस्तार नभएका ४ वटा वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना भई सेवा प्रवाह भइरहेको छ । ३६ प्रकारका निःशुल्क औषधीहरु सहित ७४ प्रकारका औषधीहरु वितरण गरिरहिएको छ । स्वास्थ्य तर्फको आयुर्वेद शाखाबाट २३ प्रकारका आयुर्वेदिक औषधी निःशुल्क वितरण भइरहेको छ । स्वास्थ्यलाई मध्यनजर गर्दै १ आयुर्वेदिक भवन र ३ वटा स्वास्थ्य चौकी भवनको निर्माण कार्य अगाडि बढिरहेको छ ।

१६ विद्यालय भौतिक पूर्वाधारमा भूकम्प प्रतिरोधात्मक १२ वटा विद्यालय कोठाहरु निर्माण गरिएको छ । आधुनिक सुविधायुक्त २ वटा शौचालय निर्माण भइरहेको छ । प्रारम्भिक वाल विकास केन्द्रहरुको एवं वसाइ व्यवस्थापनलाई वालमैत्री बनाइएको छ । २१ वटा आधारभूत विद्यालयका वालवालिकाहरुलाई दिवा खाजाको कार्यक्रम सञ्चालन गरी ७४० जना विद्यार्थीहरुलाई पुरै दिन विद्यालयमा रहने वातावरण सिर्जना गरिएको छ । १० वटा विद्यालयहरुको मर्मत सम्भार गरिएको छ । छात्राहरुको मासिक श्राव ५००० वटा सेनेटरी प्याड माध्यमिक विद्यालय र निम्न माध्यमिक

विद्यालयमा वितरणमा भई छात्राहरु प्रत्यक्ष लाभान्वित भएका छन् । विद्यार्थीहरुको संख्या घटिरहेको अवस्थामा शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यालय समायोजन एवं एकीकरण गर्ने नीति लिइ विद्यालय समायोजन गरिएको छ । ६ वटा माध्यमिक विद्यालयहरुमा विद्युतीय हाजिरी प्रणालीलाई निरन्तरता दिई बाँकी विद्यालयहरुमा पनि लागू गर्ने नीति लिइएको छ ।

१७ जेष्ठ नागरिक तथा अपाङ्ग परिचय पत्र वितरण कार्य प्रारम्भ भएको छ । हालसम्म जेष्ठ नागरिक परिचय पत्र २९४ वटा, अपाङ्ग परिचय पत्र १५८ वटा वितरण गरिएको र आ.व.२०७७।७८ मा जेष्ठ नागरिक परिचय पत्र र अपाङ्ग परिचय पत्र गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरुलाई वितरण गर्ने लक्ष्य लिएको छु ।

१८ आलुमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत १६ टन(३२० बोरा) आलुको वीऊ वितरण गरिएको छ । १२.९५ टन धानको वीऊ अनुदान दिइएको छ । १००० प्याकेट च्याउ विउ एवं प्लाष्टिक वितरण भइसकेको छ । जामुनेको जामुने बहुउद्देश्यिय सहकारी संस्थाको हाताभित्र निर्माण सम्पन्न गरिएको शित भण्डारको प्रयोग बढाउने नीति लिइएको छ ।

१९ म्याग्दे गाउँपालिकाभित्र औद्योगिक ग्राम स्थापना गर्ने लक्ष्य अनुरुप छाङपाटन औद्योगिक ग्राम स्थापना गर्न पूर्व सम्भाव्यता अध्ययन सम्पन्न गरिएको छ । पूर्व सम्भाव्यता अध्ययनबाट छनौट भई विस्तृत अध्ययन कार्य अघि बढिरहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

२० ग्रामीण एकीकृत पर्यटन विकास कार्यक्रम व्यवस्थित गर्नका लागि म्याग्देको चिनारीसहितको हाते पुस्तिका, म्याग्दे गाउँपालिकाको आवधिक पर्यटन योजना प्रकाशन गर्ने कार्य सम्पन्न भएका छन् । यस वर्ष २ वटा होमस्टे सञ्चालनमा रहेका छन् र आगामी आ.व.मा होमस्टेको सम्भाव्यता अध्ययन गरी अन्य स्थानमा विस्तार गर्ने नीति लिइएको छ ।

२१ सेवा प्रवाहलाई व्यवस्थित र सुदृढीकरण गर्न सूचना प्रविधिको अधिकतम प्रयोग गरिएको छ । गाउँपालिकाको वेवसाइट, वडा कार्यालयहरुको इन्टरनेट सुविधाको पहुँचमा वृद्धि गरी जनताहरुको सेवा प्रवाहमा सहजता बढाइएको छ । ८२ वटा टोल विकास संस्थालाई विकास निर्माण कार्यमा संलग्न गराइएको छ ।

२२ सामाजिक सुरक्षा भत्ता वितरण वित्तीय सस्थामार्फत् गराइएको छ । व्यक्तिगत घटना दर्ता हाल २ वटा वडामा अनलाइन मार्फत भइरहेकामा आगामी आ.व.मा ७ वटै वडामा अनलाइन मार्फत व्यक्तिगत घटना दर्ता गर्ने नीति लिइएको छ ।

२३ यस गाउँपालिका भित्र २ वर्ष अगाडि देखि बाँझो रहेका जग्गाका जग्गाधनीले पूर्जा सहित कृषि खेती गर्न चाहेमा फलफूलको लागि रु १००० प्रति रोपनी, अन्न बालीको लागि रु २००० प्रति रोपनी, धानको लागि रु ३००० प्रति रोपनी र तरकारी खेती को लागि रु ३००० प्रति रोपनी अनुदान उपलब्ध गराउने नीति लिइएको छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

उपरोक्त यस वर्ष हासिल गरेका महत्वपूर्ण उपलब्धिको आधारमा आगामी आर्थिक वर्षको गाउँपालिकाको नीति तथा कार्यक्रम सभामा प्रस्तुत गर्न चाहन्छु ।

२४ यस नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान, संघ, प्रदेश र स्थानीय तहका साझा सूची र स्थानीय तहको एकल सूचीलाई आधार बनाइएको छ । आगामी वर्ष एकल सूचीका आधारमा स्थानीय तहले बनाउनुपर्ने अत्यावश्यक कानून तर्जुमा हुनेछ । म्याग्दे गाउँपालिकालाई समग्र दिगो

विकासलाई मार्गदर्शन गर्नका लागि आवधिक योजना २०७६।७७-२०८०।८१ तर्जुमा भई कार्यान्वयनको क्रममा रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

२५ प्रस्तुत नीति तथा कार्यक्रमले "**स्वच्छ, सभ्य, समृद्ध म्याग्दे आधार : कृषि, पर्यटन र पूर्वाधार**" मूल ध्येयलाई पूरा गर्न सन्तुलित, समन्यायिक, समावेशी विकास गर्ने लक्ष्य लिएको छु । गाउँ क्षेत्रको समग्र विकासको लागि वृहत् एकीकृत गाउँ विकास योजना (Comprehensive Integrated Town Development Plan) तयार गर्ने, गाउँको भू-उपयोग र आवास नीति तर्जुमा गरी समुन्नत गाउँको रुपमा विकास गर्ने, गाउँ चक्रपथको पहिचान गरी विकास र विस्तार गर्ने, पर्यटन विकास तथा विस्तार र प्रवर्द्धनका लागि गाउँस्तरीय पर्यटन गुरुयोजना तयार गर्ने, आधारभूत शहरी सेवा सुविधासहित उत्कृष्ट शहरको रुपमा विकास गर्ने कार्य अघि बढाइनेछ ।

२६ सातवटै वडाहरुलाई समेटेर सहज आगमन गर्नका लागि बाह्रै महिनामा सवारी साधन चल्ने (All weather Rural Roads) बनाउने नीति लिइनेछ । यसैवर्ष म्याग्देको पहिचान झल्कने गरी सडकका आधारभूत पूर्वाधारसहित व्यवस्थित पक्की नालासहित सडक कालोपत्रे गरी नमूना सडकको रुपमा विकास गरिनेछ ।

२७ म्याग्दे गाउँपालिकाभित्रका सम्पूर्ण सडकहरुको न्यूनतम मापदण्ड (Road Norms) को कार्यान्वयन पूर्णरुपमा गरिनेछ । गाउँपालिकाभित्र सडकहरु व्यवस्थित विकास गर्न गाउँ यातायात गुरुयोजना (Rural Transport Master  Plan-RTMP) तयार गरी कार्यान्वयन गरिनेछ । गाउँपालिकाले निर्माण गर्ने सडकहरुको वर्गीकरण गरी कालोपत्रे सडक, ग्राभेल र कच्ची सडकहरुको नामाकरण गरी उक्त सडकहरुमा पर्ने जग्गाको लगत कट्टा गर्न मालपोत तथा नापी कार्यालयसंग समन्वय गरिनेछ ।

२८ यस गाउँपालिकाको प्रमुख प्रशासकीय भवन म्याग्दे गाउँपालिकाको नाममा वडा नं. ४ स्थित नारिङ्गेमा रहेको छाङ २।च कित्ता नं.५२ को क्षेत्रफल १-१-३-३ र सार्वजानिक जग्गा कि.नं. २६४ र ४५९ मा निर्माण गर्ने र गाउँसभा भवन साविक जामुने ७क कि.नं.८४ को २६-७-२-० क्षेत्रफल मा रहको ठूलो बगैंचामा निर्माण गरिने छ ।

२९ सुविधा सम्पन्न भवन निर्माण कार्य अगाडि बढाइनेछ । सडक योजनाहरु सर्वे डिजाइन तथा इष्टिमेट पछि मात्र सञ्चालन गरिने नीति लागू गरिनेछ । निजी क्षेत्रको लागत सहभागितामा भ्यू टावर निर्माण गर्न पहल गरिनेछ ।

३० भू-उपयोग योजना (land pooling) कार्यक्रम, आवधिक वार्षिक योजना, राष्ट्रिय भवन संहिता, सडक मापदण्ड निर्धारणजस्ता कार्यक्रम तयार गरी लागु गर्न प्राथमिकता दिइनेछ

३१ गाउँ विकाससम्बन्धी विस्तृत अध्ययन अनुसन्धान गरी व्यवस्थित तथा वैज्ञानिक गाउँ विकास ( Town Planning) को नीति लिइनेछ । भूकम्प प्रतिरोधी भवन तथा घर निर्माणको नीति लिइनेछ । घरनक्सा पास कार्यलाई अझ व्यवस्थित बनाइनेछ ।

३२ अध्यक्षसँग गर्भवती महिला, सुत्केरी, नवजात शिशु, महिला, बालबालिका र जेष्ठ नागरिक कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ ।

३३ उपाध्यक्षसँग युवा, शिक्षक र अपाङ्ग कार्यक्रम सञ्चालन गर्ने नीति लिइएको छ ।

३४ गाउँपालिका तथा वडा कार्यालयबाट सेवा प्रवाह गर्ने क्रममा जनतालाई सहज सेवा प्रदान गर्नका लागि निःशुल्क निवदेन लेखन र आवश्यक पर्ने कागजातहरुको निःशुल्क फोटोकपि गर्ने व्यवस्था मिलाइ हेल्प डेस्क सञ्चालन गरिएकोमा आगामी आ.व. मा पनि यस कार्यक्रमलाई निरन्तरता दिइने नीति लिइएको छ ।

३५ सर्वशुलभ आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि गाउँपालिका मार्फत एम्बुलेन्स सेवा सञ्चालन गर्ने नीति लिइएको छ ।

३६ यस गाउँपालिकाको पृथ्वी राजमार्गमा पर्ने दुवै तर्फको प्रवेश बिन्दुमा प्रवेशद्वार बनाउने नीति लिइएकोमा आगामी आ.व.मा उक्त नीतिलाई निरन्तरता दिइएको छ ।

३७ विकास योजनाहरुमा २० प्रतिशत जनसहभागिता अनिवार्य ब्यहोर्नु पर्ने नीति अवलम्बन गरिनेछ । साना तिना पूर्वाधार निर्माणमा नगद सहभागिताका आयोजनाहरु कार्यान्वयन गर्न निरन्तरता दिइएको छ ।

३८ उपभोक्ता समितिद्वारा संचालित कुनै पनि योजना सम्पन्न भएतापनि सो योजनाको बारेमा प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन र फरफारक नभएका त्यस्ता ब्यक्ति, उपभोक्ता समिति तथा समितिका पदाधिकारीहरुलाई कुनै अर्को योजनाका लागि सम्झौता नगरिने नीति अवलम्बन गरिनेछ ।

३९ पूर्बाधार (सडक, खानेपानी, बिद्युत, सिँचाई) तर्फका नयाँ योजना  कार्यक्रमलाई बार्षिक बिकास कार्यक्रममा समावेश गर्दा निश्चित प्रथमिकता निर्धारण गरी उपलब्ध श्रोतबाट सम्पन्न हुनेगरी अधुरा योजनालाई सम्पन्न गरी सञ्चालनमा ल्याउने योजना कार्यक्रमलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ ।

४० बाटोघाटो, सिँचाई कूलो लागायतका भौतिक पूर्बाधारका योजना बनाउँदा भू-क्षय नहुने, पानीका मुहान एवं बन वातावरणमा प्रतिकुल असर नपर्ने गरी योजना संचालन गर्ने नीति अवलम्बन गरिनेछ ।

४१ पशुबधशाला निर्माण, सिटी हल निर्माण, सडक बत्तीको ब्यवस्थापन, बसपार्क ब्यवस्थापान, बजारको फोहोर ब्यवस्थापन कार्य अगाडि बढाइनेछ ।

४२ गाउँपालिकाको आफ्नै प्रमुख प्रशासकीय भवन र आ-आफ्नै वडा कार्यालय भवनबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

४३ आ.व.२०७६।७७ मा सम्पन्न हुन नसकेका अत्यावश्यक योजना तथा कार्यक्रमहरुलाई आ.व.२०७७।७८ मा पनि निरन्तरता दिइने नीति लिइएको छ ।

४४ नयाँ ट्रयाक खोल्ने कार्यलाई निरुत्साहित गरिने छ । भइरहेको बाटोलाई नाली, ग्राभेल वा पिच समेत गरी बाटोको स्तरोन्नति गरिने छ ।

**सामाजिक विकास**

**शिक्षा**

४५ बाल विकास केन्द्रका सबै कक्षाहरुमा बालमैत्री पूर्वाधार तथा भौतिक सुविधा विस्तार गरिनेछ । कक्षा शिक्षणमा शैक्षिक सामाग्रीको प्रयोगलाई अनिवार्य गरिनेछ । शैक्षिक सामाग्री निर्माणमा

विषयगत शिक्षकहरुलाई नै सहभागी गराएर निर्माण गरिनेछ । आधारभूत तहको अन्तिम परिक्षालाई व्यवस्थित गर्न Question Bank स्थापना गरी सञ्चालन गरिनेछ ।

४६ विद्यार्थीहरुको सिकाइ उपलब्धि वृद्धि गर्नका लागि विद्यार्थी स्वयम् एवं शिक्षकहरुले विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि योजना बनाई त्यसलाई कार्यान्वयनमा ल्याइने छ । क्रमशः सबै विद्यालयका सबै कक्षाहरुमा Book Corner स्थापना गरिने छ । निरन्तर विद्यार्थी मूल्यांकन प्रविधिलाई व्यवस्थित गरिने छ ।

४७ आधारभूत तहमा अध्ययन गर्ने ५ देखि १२ उमेर समूहका बाल बालिकाहरु विद्यालय बाहिर नरहेको सुनिश्चितता गरी ५ देखि १२ उमेर समूहका बालबालिकाहरु विद्यालय बाहिर छैनन् भनी घोषणा गरिने छ ।

४८ विकट तथा दुर्गम गाउँका विद्यालयका कक्षा शिशु देखि कक्षा ५ सम्म पढ्ने बाल बालिकाहरुलाई दिवा खाजाको व्यवस्था गरिने छ । गाउँपालिका स्तरीय बाल मञ्च गठन गरी बाल मञ्च द्वारा शैक्षिक कार्यक्रम तथा बाल कार्यक्रम सञ्चालन गरिने छ । सबै वडामा बाल संरक्षण समिति गठन गरिने छ । फरक क्षमता भएका बाल बालिकाहरुलाई समाहित शिक्षा मार्फत् शिक्षा सेवा उपलब्ध गराइने छ । शिक्षकहरुको उपस्थितिलाई १० देखि ४ सम्म नियमित गर्न इ-हाजिरीको व्यवस्था क्रमशः विद्यालयमा विस्तार गरिने छ ।

४९ उत्कृष्ट सिकाई उपलब्धि हासिल गर्ने विद्यालयहरुलाई सिकाई उपलब्धिलाई सुदृढ र दिगो बनाउन आर्थिक अनुदान उपलब्ध गराइने छ । माध्यमिक विद्यालयहरुलाई क्रमशः विज्ञान प्रयोगशाला, पुस्तकालय र इ–पुस्तकालयको व्यवस्था गरिने छ । क्रमशः सबै विद्यालयहरुमा पानी तथा wash सुविधा भएका शौचालय निर्माण गर्दै लगिने छ ।

५० विद्यार्थीहरुको प्रतिभालाई उजागर गर्न विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम र शैक्षिक प्रदर्शनी कार्यक्रम सञ्चालन गरिने छ । वाल विकास केन्द्र र विद्यालयस्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्न बाल मैत्री पूर्वाधार तथा भौतिक निर्माणमा जोड दिईनेछ । प्राथमिक उमेर समुहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गराउन भर्ना अभियान सञ्चालन गरिने छ । म्याग्दे गाउँपालिकालाई बालमैत्री गाउँको रुपमा विकास गर्ने नीति लिइनेछ । विद्यालय तहका सबै बालबालिकाहरुलाई पाठ्यपुस्तक उपलब्ध गराइने छ । विद्यार्थी कम भएका विद्यालयहरुमा बहुकक्षा बहुस्तर भाषिक कक्षाहरु संचालन गरिने छ ।

५१ प्रारम्भिक पठन सिप विकासका लागि शिक्षकलाई तालिम उपलब्ध गराइने छ । शिक्षकहरुलाई नविनतम प्रविधिसँग तादम्यता मिलाउन र व्यवसायिक सीप अभिवृद्धि गर्न क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ । संस्थागत विद्यालयहरुले कुनै पनि शुल्क नलिने शर्तमा विद्यार्थी संख्याको आधारमा उपलब्ध गराउनु पर्ने १० प्रतिशत छात्रवृत्ति दिए नदिएको सम्बन्धमा नियमन गरिने छ ।

५२ विद्यालय र समुदायबीच समन्वय गर्न विद्यालयका गतिविधिहरु समुदायसँग पुर्‍याउन अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । शैक्षिक तथ्यांक व्यवस्थित नगर्ने, विद्यालयलाई दिइएको अनुदान सही सदुपयोग नगर्ने विद्यालयलाई कार्यवाहिको दायरामा ल्याइने छ । सार्वजनिक पुस्ताकालय, वाचनालयहरुको स्थापना गर्न पहल गरिनेछ । मातृभाषामा पठनपाठन गर्नका लागि आवश्यक कार्य अघि बढाइनेछ ।

## स्वास्थ्य सेवा

५३ २५ शैयाका अस्पातलका लागि पहिचान गरिएको जग्गामा अस्पातल निर्माण गर्न पहल गरिनेछ । दुर्गम भेगमा स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । गाउँपालिकामा x-ray सहितको प्रयोगशाला स्थापना गर्नका लागि पहल गरिनेछ । सुरक्षित मातृत्व,नसर्ने रोग, सर्ने रोग, जलवायु प्रदूषण आदि विषयमा स्थानिय स्तरमा स्वास्थ्य शिक्षा उपलब्ध गराइने छ । मेडिकल डाक्टरसहितको प्रयोगशाला स्थापना गर्न पहल गरिनेछ ।

५४ गाउँपालिकाभित्र रहेका स्वास्थ्य चौकीहरुलाई स्रोत साधन सम्पन्न बनाइनेछ । आधारभूत स्वास्थ्य केन्द्र निर्माण गरिनेछ । पूर्ण खोपको दिगोपनाका लागि स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई सक्रिय बनाइने छ ।

५५ पाठेघर परिक्षण, पोषण सुधार कार्यक्रम, गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा कार्यक्रम सञ्चालन गरिनेछ । स्थानिय जनताहरुमा जडिबुटिको पहिचान र उपयोगका बारेमा प्रशिक्षित गराइने छ । गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा उपलब्ध गराइने छ ।

५६ स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी बनाई सबै घरघूरीलाई स्वास्थ्य वीमा गर्न अभिप्रेरित गरी स्वास्थ्य वीमा पूर्ण रुपमा लागू भएको गाउँपालिका घोषण गरिनेछ । स्वास्थ्यमा तत्काल उपचारको व्यवस्था गर्नका लागि Rapid Rescue Team गठन गरिनेछ । महिला स्वयंसेविकाहरुको कार्यलाई प्रोत्साहित गर्दै प्रजनन् स्वास्थ्य सुदृढीकरणमा जोड दिइनेछ ।

५७ आयुर्वेद स्वास्थ्य सेवालाई विस्तार गर्नका लागि सेवाको पहुँचभन्दा टाढा रहेको समुदायमा आयुर्वेद गाउँघर क्लिनिक सञ्चालन गरी सेवा विस्तार गरिनेछ ।

५८ जडिबुटि उद्यान निर्माण गर्ने नीति लिइनेछ । त्यसका लागि छुट्टै जग्गा निर्धारण गरी सम्पूर्ण जडिबुटि जन्य बोटविरुवा रोपण गर्ने, स्याहार संभारको लागि व्यवस्था गर्ने नीति लिइने छ ।

५९ आयुर्वेद औषधीहरु स्थानीय स्तरमा नै उत्पादन गरी वितरण गर्ने नीति लिइने छ ।

६० स्थानीय जनमानसमा आयुर्वेद उपचार पद्धतीको बारेमा बृहत जानकारी प्रदान गर्ने कार्यक्रमहरु ल्याउने नीति लिइने छ ।

## लैगिक समानता तथा सामाजिक सुरक्षा

६१ विपन्न लक्षित समुहका लागि आयमुलक तथा सीपमुलक कार्यकम, वचत गर्ने वानीको विकास गैरसरकारी संस्था, सहकारीमार्फत् संचालन गरिनेछ । महिला हिंसा विरुद्ध जनचेतना, अभिवृद्धि कार्यकम संचालन गरिनेछ । लैङ्गिक समानता सम्बन्धी जनचेतनामूलक कार्यकम संचालन गरिनेछ विकास निर्माण कार्यकमा महिलाहरुको पहुँच अभिवृद्धि गरिनेछ ।

६२ यस गाउँपालिकामा गैरसरकारी संस्थाहरुले अध्ययन, खोज अन्वेषण वा कुनै सेवा दिन चाहेमा गाउँपालिकाबाट प्रस्ताव स्वीकृत गराउनुपर्नेछ । गैरसरकारी संस्थाको प्रत्येक कार्यको नियमन गरिने छ । आदिवासी जनजातिहरुको संस्कृति तथा परम्परा संरक्षण, जनजातिहरुका साँस्कृतिक स्थल तथा सम्पदाहरुको संरक्षणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६३ विभिन्न जातजाति, भाषाभाषी, धर्म संस्कृति र परम्परामा आधारित मठ मन्दिर, विहार जस्ता सम्पदा तथा असल संस्कृतिको प्रवर्द्धधनमा जोड दिइनेछ । दलित वर्गको समग्र आर्थिक उन्नतिका लागि परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६४ दलितहरुको समान हक र अधिकारको प्रवर्द्धन निर्णय प्रकृयामा समेत समावेशीबरण र उनीहरुको संस्थागत सञ्जाल विकास गर्न जोड दिइनेछ । सबै योजनामा लाभान्वित हुने दलित वर्गको सहभागिता सुनिश्चित गरिनेछ ।

६५ गाउँपालिकामा रहेका संभावित पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यटन गुरुयोजना निर्माण गरी सोही अनुसार कार्यान्वयन गरिनेछ । पर्यटन प्रवर्दनका निम्ति मूख्य आधारको रुपमा रहेको होटल व्यवसायलाई प्रवर्द्धन गर्न उपयुक्त वातावरण सिर्जना गर्ने पहल गरिनेछ ।

६६ फरक क्षमता भएका व्यक्तिहरुको लागि सशक्तिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ । फरक क्षमता  भएका व्यक्तिहरुलाई लक्षित गरी आय आर्जन कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६७ युवाहरुको खेलकुद विकास गर्नका लागि एक वडा एक खेलकुद मैदान निर्माण गर्न पहल गरिनेछ । युवाहरुका लागि स्वरोजगारमुलक सीप तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

६८ जेष्ठ नागरिक दिवा सेवा कार्यक्रम, जेष्ठ नागरिक सम्मान जस्ता कार्यक्रम सञ्चालन गरिनेछ । सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली सहज, पहुँच अभिवृद्धि गरिनेछ ।

६९ वालमैत्री शासन, वालक्लव, वालसञ्जाल कार्यक्रम सञ्चालन गरिनेछ । आपतकालीन वाल उद्धार कोष स्थापना गरिनेछ । स्थानीय भाषा, संस्कृति, जात्रा, पर्वलाइ पर्यटनसँग आवद्धता गरिनेछ ।

**आर्थिक विकास**

**कृषि, पर्यटन : अर्थतन्त्रको मुख्य आधार**

७० परम्परागत कृषि प्रणालीलाई व्यावसायिक र वैज्ञानिक खेती प्रणाली गर्न प्रोत्साहित कार्यक्रम लागू गरिनेछ । उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास र बजारीकरण गर्न पहल गरिनेछ । कृषि कार्यलाई पर्यटनसँग आवद्धता गरी कृषि पर्यटन कार्यक्रम बढाइनेछ । एक घर एक करेसावारी बनाउन अभिप्रेरित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । सहकारितामा आलु खेतीमा आत्मनिर्भर, सुन्तला खेतीका पुराना बगैँचालाई व्यवस्थापन र नयाँ बगैँचा विस्तार, फलफूल, आँप, केरा, कटहर, लिची आदिका बगैँचाहरु गर्ने कार्य अघि बढाइनेछ ।

७१ कृषि उपकरणहरु हाते ट्र्याक्टर, धान काट्ने उपकरण, ट्र्याक्टर, फूट स्प्रे, हाते स्प्रे, पानी तान्ने मोटर लागत सहभागिताका कार्यक्रम सञ्चालन गरिनेछ । कृषिमा नवीनतम प्रविधि, ब्लक तरकारी विस्तार, मल, वीऊ, विषादी, उत्पादन लागत र बजार व्यवस्थापनसम्बन्धी तालिम दिनका लागि कृषक पाठशाला सञ्चालन गरिने छ ।

७२ कृषि विज्ञ, कृषक समूहहरुसँगको सहकार्यमा माटोको परिक्षणको व्यवस्था मिलाइनेछ । कृषकहरुको भकारो सुधार र पशुहरुका नस्ल सुधार कार्यक्रम सञ्चालन गरिने छ । उन्नत बीउ विजन धान, मकै र गहुँ, मौसमी र वैमौसमी तरकारी वाली विस्तार गर्न अनुदान उपलब्ध गराइनेछ । कृषि उपज संकलन केन्द्र, हाट बजार, घुम्ती बजारको व्यवस्था गरिने छ ।

७३ मौरी पालन, च्याउ खेती, मौरी घार निर्माणमा कृषकलाई अनुदान दिइने छ । आकस्मिक बाली संरक्षण एवं व्यवस्थापन कार्यक्रम सञ्चालन गरिने छ । माछा पालन पोखरी निर्माण र विस्तार

गरिने छ । कृषिलाई व्यावसायिक वनाउन खोज अनुसन्धान गर्ने र एक वडा एक उत्पादन गर्ने नीति अवलम्बन गरिनेछ । वीज भण्डारण (Seed Bank), शीत भण्डार (Cold Store) स्थापना गरी गैसस एवं नीजि संस्थाहरुको साझेदारीलाई अभिवृद्धि गर्ने नीति लिइनेछ । अगुवा कृषक परिचय पत्र वितरण गरी कृषक क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

७४ व्यक्ति, समूह, सहकारी मार्फत व्यवसायिक रुपमा ५० रोपनी भन्दा माथि कृषि तथा पशुपालन गर्नेहरुको लागि आवश्यक पूर्वाधार जस्तै सिँचाइ, बिजुली र बाटो को लागि प्राथमिकता दिने नीति लिइएको छ ।

**पशु सेवा**

७५ पशु स्वास्थ्य नियमन कार्यक्रम, पशु आहारा कार्यक्रम सञ्चालन गरिनेछ । पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तर्गत सहुलियत रुपमा पशुपंक्षीहरुको उपचार गर्ने व्यवस्था मिलाइनेछ । घाँसको बीउ, डाली घाँस, विरुवाहरु वितरण गरिनेछ । कुखुराको अण्डामा आत्म निर्भर तथा आयात प्रतिस्थापन गरिने छ ।

७६ कृषक लागत सहभागितामा घाँसको बीउ, विरुवा वितरण तथा बोका, बगुंर वितरण गरिने छ । गाई भैँसीमा कृत्रिम गर्भदान सेवालाइ निरन्तरता दिइनेछ । पशु आहारा सुत्केरी भत्ता वितरण गरिने छ । खोर सुधार, गोठ सुधार, प्रचार प्रसार, तालिम, गाईभैँसी पालन, बोयर बाख्रा, बगुंर पालन, कुखुरा पालन, आधारभूत तालिम सञ्चालन गरिने छ । डेरी पकेट कार्यक्रम तथा व्यावसायिक पशुपालन कार्यक्रमको प्रवर्द्धन गरिनेछ ।

**उद्योग तथा उद्यमशीलता**

७७ छाङपाटनमा औद्योगिक ग्राम स्थापना गरिनेछ । लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन गरिनेछ । एक घर एक सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ । लघु, घरेलु तथा साना उद्योगको स्थापना गर्ने निश्चित अवधिका लागि सहुलियत दिने नीति अवलम्बन गरिनेछ ।

७८ वेरोजगारको तथ्याङ्क संकलन गरी पहिचान गरिएका लक्षित वर्गका लागि उपयुक्त सीप विकास तालिम सञ्चालन गरिनेछ । युवा श्रमिकहरुको लगत तयार गरी युवा श्रमिकहरुलाई उपयुक्त क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**उर्जा, वातावरण तथा सरसफाई**

७९ नवीकरणीय ऊर्जा तथा वैकल्पिक ऊर्जा, सबै घर घरमा विजुली, पुराना काठका पोल प्रतिस्थापन, सडक बत्तीको व्यवस्था गरी उज्यालो गाउँ घोषणा गर्न पहल गरिनेछ । साना, सतह तथा भूमिगत सिंचाई प्रणालीलाई व्यवस्थित गरिनेछ ।

८० पूर्ण सरसफाई युक्त, घरभित्रको घुवा प्रदुषण मुक्त गर्न प्राथमिकताका साथ कार्यक्रम सञ्चालन गरिनेछ । वातावरणीय सन्तुलन विगार्ने गरी जग्गा सम्याउने, प्लटिङ गर्ने कार्य निरुत्साहित गरिनेछ ।

८१ घरभित्रको धुवामूक्त, प्लाष्टिक झोला निषेधित क्षेत्र तथा पुर्ण सरसफाइयुक्त क्षेत्र निर्माणको नीति लिइनेछ । सार्वजनिक भवन, विद्यालय, प्रत्येक घरधूरीमा एक डस विन वितरण कार्यक्रम सञ्चालन गरिनेछ । गाउँ सरसफाइ, फोहरमैला संकलन, बर्गीकरण, ढुवानी र अन्तिम निस्कासन गर्नका

लागि उपयुक्त स्थानको व्यवस्था, त्यसको विकास व्यवस्थापन र फोहोरमैलालाई श्रोतको रुपमा उपयोग गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

८२ फोहरमैला उत्पादनको स्रोतमै उपयुक्त व्यवस्थापन गरी फोहोरमैला बर्गीकरण, कम्पोष्टिङ्ग, पुनः प्रयोग तथा पुनः प्रयोग सम्बन्धी व्यवस्था मिलाउन गाउँवासी, विभिन्न गैर सरकारी संस्था, सामाजिक संस्थाको सहभागितामा सामाजिक परिचालन र जनचेतना अभिवृद्धि मार्फत पहल गरिनेछ । फोहोरमैला संकलन र व्यवस्थापन कार्यलाई दिगो तुल्याउन निजी संस्थालाई संलग्न सार्वजनिक नीजि साझेदारी अगाडि बढाइनेछ ।

८३ विकास योजना संचालन गर्दा वातावरणीय प्रभाव मूल्यांकन गर्ने परिपाटीलाई संस्थागत गर्दै लगिनेछ । एक वडा एक पोखरी निर्माण, एक वडा एक पार्क, एक वडा एक वालवाटिका पार्क, एक वडा एक नर्सरी निर्माण गरिनेछ । गाउँको सार्वजनिक जग्गामा सार्वजनिक पार्क/बोटानिकल गार्डेन निर्माण गरी सार्वजनिक जग्गाको संरक्षण गरिनेछ ।पानीको स्रोत संरक्षण गर्ने नीति लिइनेछ । म्याग्दे खोलाको संरक्षण, पानीका मुहान संरक्षण, ताल, कुवा, धारा आदिको संरक्षणका लागि कार्यक्रम सञ्चालन गरिनेछ । एक वडा एक सार्वजनिक शौचालय निर्माण कार्य अघि बढाइनेछ ।

८४ सडक निर्माण गर्दा दुवैतर्फ वृक्षारोपण गर्ने नीति लिइनेछ ।वतावरणमैत्री विकास पूर्वाधार निर्माणमा जोड दिइनेछ । १ घर २ विरुवा को अभियानलाई कार्यान्वयन गर्ने नीति लिइनेछ । प्राकृतिक प्रकोप (चट्याङ्ग, वाढी पहिरो, हावाहुरी, भूकम्प आगलागी डढेलो) नियन्त्रणका लागि आवश्यक बजेट विनियोजन गरी आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ

८५ सामुदायिक वनहरुलाई पर्यटनसँग आवद्धता गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । भू-क्षय, वाढी, पहिरो, आगलागी, डढेलो नियन्त्रणका लागि विभिन्न संघसस्थाहरुसँगको समन्वयमा कार्यक्रम संचालन गर्न विशेष पहल गरिनेछ । सार्वजनिक खाली, पाखा क्षेत्रमा वृक्षारोपण कार्यक्रम सहकार्य अघि बढाइनेछ । रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन कार्यक्रम अघि बढाइनेछ ।

**सुशासन तथा संस्थागत क्षमता विकास**

८६ गाउँपालिकामा संचालन हुने कार्यक्रमहरुलाई अझ प्रभावकारी, पारदर्शी बनाउन सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक अनुगमन, प्रगति समीक्षा, आन्तरिक लेखापरीक्षणमार्फत् सुशासनमा जोड दिइनेछ । सार्वजनिक सम्पत्ति, सार्वजनिक जग्गाको एकीकृत सम्पत्ति विवरण तयार गरिनेछ ।

८७ कार्यालयबाट सम्पादन हुने कार्यलाई आधुनिक सूचना प्रणाली (web site) को माध्यमबाट सुसूचित गरिनेछ । सबै वडा र गाउँपालिकाबीच छिटो छरितो माध्यमबाट सूचना प्रवाह गर्ने व्यवस्था मिलाइनेछ । गाउँपालिकालाई सूचना मैत्री गाउँपालिका बनाइनेछ । अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग गरिनेछ ।

८८ जनतामा प्रवाह गरिने सेवालाई थप प्रभावकारी बनाउन सो कार्यमा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ । पदाधिकारी एवं कर्मचारीहरुको क्षमता विकासका लागि आवश्यक गोष्ठी, तालिम, प्रशिक्षण कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ । कर्मचारीहरुको मनोवल उच्च उपयुक्त वातावरण बनाउन पहल गरिनेछ । कर्मचारीका सेवा, शर्त, सुविधाका लागि कार्यविधि बनाई कर्मचारीको मनोवल उच्च बनाइनेछ ।

८९ गाउँपालिकाको प्रशासनिक व्यवस्था, सांगठनिक संरचना र संस्थागत प्रणालीलाई भरपर्दो, चुस्त दुरुस्त, विस्वसनीय र प्रभावकारी वनाइनेछ । न्यायिक समितिलाई स्रोत साधन सम्पन्न बनाइनेछ

९० स्थानीय सेवाको व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ । गाउँपालिका क्षेत्रभित्र हुने जन्म, मृत्यू, विवाह, बसाँइ सराइ, र सम्बन्ध विच्छेद जस्ता ब्यक्तिगत घट्ना दर्ता गर्ने, तथा प्रमाणपत्र दिने कार्यका अतिरिक्त, गाउँपालिकाबाट गरिने नाता प्रमाणित, जन्म मिति प्रमाणित, अविवाहित प्रमाणित तथा अन्य सिफारिस जस्ता सेवालाइ छिटो छरितो र प्रभावकारी बनाउनका लागि वडा कार्यालयको क्षमता विकास गरिनेछ ।

**राजश्व परिचालन नीति :**

९१ गाउँपालिकाको राजश्वका दर तथा क्षेत्र निर्धारण गर्दा प्रचलित ऐन नियम तथा कार्यविधिको अधीनमा रही राजश्व परामर्श समितिको सिफारिसको आधारमा गरिनेछ । सम्पत्ति कर र भूमिकर लाई व्यवहारिक, वैज्ञानिक र न्यायोचित किसिमले लागू गर्न आगामी २०७७ श्रावण देखि लागू गरिनेछ । करको दायरा फराकिलो बनाउन नयाँ करका क्षेत्र पहिचानमा प्राथमिकता दिइनेछ । करदाता शिक्षा कार्यक्रम, कर तिर्ने वानीको विकास गर्नका लागि जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

९२ गाउँपालिका र वडा कार्यालयमा निःशुल्क फोटोकपी गर्ने र निवेदन लेख्न नागरिक सहायता कक्षलाई आगामी वर्ष पनि निरन्तरता दिइने छ ।

गाउँसभा सदस्यज्यूहरु,

९३ गाउँपालिकाको प्राप्त उपलब्धिलाई संस्थागत गर्दै आर्थिक, सामाजिक र सांस्कृतिक लगायतका सबै क्षेत्रको विकास गरी सामाजिक न्याय, समविकास, समन्यायिक, आर्थिक विकासबाट गाउँपालिकाले लिएको ध्येय स्वच्छ, सभ्य, समृद्ध म्याग्देवासी आकांक्षा पूरा गर्न गाउँपालिकाको यो नीति तथा कार्यक्रम सहायकसिद्ध हुने विश्वास लिएको छु ।

९४ उपरोक्त नीति तथा कार्यक्रममाथि यस गाउँसभामा उपस्थित हुनु भएका सदस्यहरुबाट प्रभावकारी कार्यान्वयनका लागि सल्लाह र सुझावको अपेक्षा गरेको छु ।

९५ गाउँको समष्टिगत विकासको लागि सहयोग पुऱ्याउन हुने राष्ट्रिय योजना आयोग, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, अर्थ मन्त्रालय, प्रदेश मन्त्रालय, नेपाल सरकारका अन्य मन्त्रालयलगायत विकास साझेदार संस्थाहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

९६ यो नीति तथा कार्यक्रम तर्जुमा गर्ने सिलसिलामा महत्वपूर्ण योगदान पुऱ्याउनु हुने उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक एवं प्रतिनिधि, वडाअध्यक्ष, वडासदस्यहरु विषयगत शाखाका प्रमुख, साझेदार संस्थाहरु, गैससहरु, पत्रकारहरु, निजी क्षेत्र, सम्पूर्ण संघसस्था लगायत गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरुमा विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद**

**मायादेवी राना आले**

**अध्यक्ष**